नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा)
सिंहदरबार, काठमाडौं

प.सं: प्र.सु. ०७८/७९ च. नं:

मितिः २०७८/०४/११

## प्रशासन पत्रिका १३४ औं अङ्कको लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नियमित रुपमा प्रकाशन हुने प्रशासन पत्रिका (जर्नल) को १३४ औं अङ्कका लागि सार्वजनिक प्रशासन, सार्वजनिक नीति तथा सार्वजनिक व्यवस्थापनसँग सम्बन्धित विषयक्षेत्रका समसामयिक, नवीनतम अवधारणा, अभ्यास तथा अनुसन्धानसम्बन्धी विषयमा ३ हजारदेखि ५ हजार शब्दसम्मको मौलिक, अनुसन्धानमूलक लेख रचनाहरू देहायमा उल्लेखित ढाँचाबमोजिम **२०७८ भाद्र १५ गतेभित्र** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखामा वा सोको विद्युतीय प्रति **admin.reform.section@mofaga.gov.np** मा उपलब्ध गराइदिनुहुन इच्छुक सबैमा अनुरोध गरिन्छ ।

### लेख रचनाको ढाँचा

- आलेख सार (सङ्क्षिप्त),
- भूमिका वा परिचय वा विषय प्रवेश,
- मुख्य विषयवस्तुको विश्लेषणात्मक प्रस्तुति,
- निष्कर्ष,
- सन्दर्भ सामग्री ।

### ध्यान दिनुपर्ने विषयहरू

- सन्दर्भ सामग्रीहरू अनिवार्य रूपमा एपीए ढाँचा (APA Style) मा उल्लेख गर्नुपर्नेछ ।
- लेखकको सङ्क्षिप्त परिचय, इमेल, मोबाइल नम्बर र एक प्रति पासपोर्ट साइजको फोटो लेखसँग संलग्न राखी उपलब्ध गराउनु पर्नेछ ।
- लेख रचना नेपाली भाषामा भएमा कालीमाटी (वा युनिकोड नेपाली) र अङ्ग्रेजी भाषामा भएमा Times New Roman फन्ट (Font size 12) मा टाइप भएको हुनुपर्नेछ ।
- प्राप्त लेख रचना प्रकाशन गर्ने नगर्ने सम्बन्धी अधिकार सम्पादक मण्डलमा रहनेछ । अस्वीकृत लेख रचना फिर्ता गरिने छैन ।
- उल्लेखित ढाँचामा नभएका, अन्यत्र प्रकाशन भैसकेका, अन्य लेखकको लेख वा प्रकाशित कृतिबाट हुबहु नक्कल गरिएका लेख रचनाहरु प्रकाशन गरिने छैन ।
- यस पत्रिकाको लागि पठाइएका लेख रचना यो अङ्क प्रकाशन नहुँदासम्म अन्यत्र प्रकाशनका लागि दिन पाइने छैन ।
- प्रकाशित लेख रचनाका लागि नियमानुसार पारिश्रमिक उपलब्ध गराइनेछ ।

फोनः ४२००२९१ फ्याक्सः ४२००३२२ Email: info@mofaga.gov.np